# बाँके जिल्ला अदालतको सूचना

विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणबाट हुन सक्ने जोखिम तथा स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतको पुर्ण बैठकबाट मिति २०७७/१२/०७ को निर्णय, यस अदालतमा विभिन्न मितिमा बसेको बार बेञ्च तथा सरकारी वकीलसंगको बैठकबाट पारित भएका निर्णय एवंम सूचना बमोजिम यस अदालतको कामकारबाहीमा संकुचन र विस्तारसहित सेवा प्रवाह हुदै आएको अवगत नै छ । नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६/१२/०९ को निर्णयबाट नेपालभर बन्दाबन्दीको घोषणा भई निरन्तरता पाउँदै आएको अवस्थाबाट सेवाग्राहीहरु अदालतमा उपस्थित हुन नसकेको हदम्याद, म्याद, तारेख गुज्रने सन्दर्भमा सोको बाधा अड्काउ फुकाउन सम्मानित सर्वोच्च अदालतको बृहत इजलासको मिति २०७७/०२/१५ को आदेश अनुरूप यस अदालतबाट विभिन्न मितिमा सूचनाहरु प्रकाशित भएको समेत विदितै छ ।

विभिन्न समयमा यस अदालतमा कार्यरत कर्मचारीहरु कोरोना भाईरस (कोभिड-१९) बाट संक्रमित भई अदालतको सेवा संकुचन गरिएको तथा जिल्ला प्रशासन कार्यालयबाट निषेधाज्ञा जारी भई यस अदालतको सेवा प्रवाह संकुचन गरिएकोमा हाल यस अदालतका संक्रमित कर्मचारी स्वास्थ्य लाभ गरी दैनिक कामकाजमा फर्किसक्नुका साथै जिल्ला प्रशासन कार्यालय बाँकेबाट जारी निषेधाज्ञासमेत समाप्त भई साथै आन्तरिक तथा बाह्य जिल्लाको पनि सार्वजनिक यातायातको साधन मिति २०७७/०६/०१ गतेबाट सञ्चालनमा आएको सन्दर्भमा बन्दाबन्दीको अवधिमा गुज्रेको हदम्याद, म्याद, तारिख थाम्ने सम्बन्धमा यस अदातलमा उपस्थित हुनुपर्ने अवस्थामा यस जिल्ला भित्रका र बाह्य जिल्लाका सम्पुर्ण सेवाग्राही मिति २०७७/०६/०१ गतेदेखि बाटोको म्याद बाहेक ३० (तीस) दिन भित्र उपस्थित हुन र अदालतमा उपस्थित हुदाँ स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डहरु अनिवार्य रुपमा परिपालना गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

मिति २०७७/०६/०२